# सितापा च्यारोङ् (Jiarong, Sidabao)




करिब ७,२०० जना सितापा च्यारोङ् भाषा बोल्नेहरू शिचुआन प्रान्तको विकट र ठूलो भू–भागमा बसोबास गर्छन्। यो भाषा बोल्ने मानिसहरूमा अधिकांश मानिसहरू पर्कम जिल्लाको सितापा भू–भागको चौदङ्ग, कङ्शन र रिपू बजारहरूमा बस्छन्। यो ठाउँको नामबाट नै यिनीहरूको भाषाको नाम आयो; साथै थोरै सितापा समाजहरू यो ठाउँबाट धेरै टाढा एपा जिल्ला, चम्थाङ् जिल्ला र सर्तर जिल्लाहरूको गाउँहरूमा पनि बसोबास गर्छन्।

सितापा च्यारोङ्हरूलाई आधिकारिक रूपमा तिब्बतीहरूको सूचीमा राखे तापनि चीनको विज्ञहरूले च्यारोङ् एउटा छुट्टै जाति हो भनी विश्वास गर्छन्। चीनको उच्च शिक्षण संस्थाले सन् १९५७ मा च्यारोङ् जातिका मानिसहरूको सङ्ख्या ७०,००० भनी सूचीमा राख्यो। च्यारोङ् जातिका मानिसहरूलाई चिनियाँहरू र तिब्बतीहरूले तल्लो जातिको रूपमा हेर्ने गर्दछन्। थोरै मात्र शिक्षा पाएका हुनाले च्यारोङ्हरू प्रायः जसो तल्लो दर्जाको कामहरू गरिरहेका हुन्छन्।

यी दिनहरूमा पुरानो बोन धर्म च्यारोङ् जातिका मानिसहरूको बीचमा पुनः जागरण भइरहेको छ। विगतको १३ औँ शताब्दीभरि बुद्ध धर्म, बोन धर्मको कर्मकाण्डहरूलाई सुन्दर बनाउने एउटा बाहिरी पोसाक जस्तै मात्र रहँदै आइरहेको छ।

विगतका समयहरूमा च्यारोङ् जातिका मानिसहरूको बीचमा सुसमाचार ल्याउने कामले केही मात्रामा सफलता हासिल गऱ्यो। सन् १९३० मा एउटा किताबले यिनीहरूको बीचमा विश्वासीहरू छन् भनी देखायो। सन् १९३४ मा त्यहाँ काम गर्ने मिशनरीहरूले ३४ जना च्यारोङ् विश्वासीहरू छन् भनी बताए; तर यी दिनहरूमा यिनीहरूको बीचमा कुनै विश्वासीहरू भएको जस्तो देखिँदैन। इसाईत्त्वमा इच्छुक व्यक्तिहरूले सामना गर्नुपर्ने सामाजिक इन्कार र लामाहरूको श्राप अथवा परिवारको सदस्यहरूद्वारा विष राखेर मारिने जस्ता कठोर पीडाहरू सुसमाचार फैलनका लागि बाधाको रूपमा छन्। यिनीहरूको बीचमा सुसमाचार लैजान यिनीहरूको आफ्नै भाषामा धर्मशास्त्र, सुसमाचारीय रेकर्डिङहरू अथवा त्यस्ता साधनहरू केही पनि छैन।




**Population:**
5,580 (2000)
6,850 (2010)
8,400 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

## संक्षेप:

**अन्य नामहरू:** Western Jiarong, Western Jyarung, Gyarong, Gyarung, Rgyarong, Chiarong, Jarong, Sidabao

**जनसंख्या:**
चीन : ७,२००
(Joshua Project)

**उपभाषाहरू:** २
(Caodeng, Ribu)

**तिब्बती बुद्ध धर्म:** ९०%

**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन

